# गाउँ सभाध्यक्ष श्री सन्तमान तामाङज्यूबाट १९औं गाउँ सभामा प्रस्तुत आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम

तादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार, नुवाकोट

अध्यक्ष श्री सन्तमान तामाङज्यूबाट प्रस्तुत

आ.व २०८३/०८४ को

नीति तथा कार्यक्रम

मिति : २०८३ असार १० गते

सम्मानित सभाका सदस्यज्यूहरु,

नेपालको राजनीतिक ईतिहासमा परिवर्तनको लागि विभिन्न चरणको लोक तथा गणतान्त्रिक आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहुने ज्ञात,अज्ञात महान शहिदहरु प्रति म सर्वप्रथम भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै आजको यो परिवर्तनको लागि सहभागी आन्दोलनका घाईते तथा अशक्तहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

यस गाउँपालिकाको १९ औं गाउँ सभामा गाउँपालिकाको तर्फबाट यहाँको आर्थिक ,सामाजिक र पूर्वाधार लगाएत समष्टिगत विकासको लागि आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु सामु उपस्थित भएको छु । हाम्रो सामु खडा रहेको विभिन्न समस्याहरुको बावजुद निर्माण भएको यो नीति तथा कार्यक्रमको कार्यान्वयन मार्फत हामीले देखेको आत्मनिर्भर सम्मुनत र समृद्ध तादीको सपना साकार हुनेछ भन्ने कुरा मैले विश्वास लिएको छु । नेपालको संविधान २०७२ ले स्थानिय तहलाई स्थानिय सरकारको रुपमा अधिकार प्रदान गरेको परिप्रेक्षमा हामीले जवाफदेहिता, भ्रष्टाचारमुक्त र सुशासन कायम गर्दै जनतालाई नजिकको विश्वासिलो सरकारको अनुभूति दिलाउनु तपाई हामी सबैको जिम्मेवारी र दायित्व रहेको सबैमा अवगत गराउन चाहन्छु ।

सम्मानित सभाका सदस्यज्युहरु

तादी गाउँपालिकामा कृषि, पर्यटन र पूर्वाधार जस्ता क्षेत्रहरुमा संवृद्धिका प्रचुर संभावनाहरु हामीले देखेको छौं । यस गाउँपालिकाको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको सु-सम्पन्नता संगै प्राकृतिक स्रोत साधनको प्रचुरता जस्ता विशिष्टताहरुको सुव्यवस्थित र योजनावद्ध उपयोगद्धारा तादी बासीहरुको जीवनमा देखिने गरी सकारात्मक परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान गर्नेछ भन्ने मैले आशा लिएको छु ।

प्रशस्त सम्भावनाको बावजुद पनि हामीले अपेक्षित विकास गर्न नसकेको यथार्थ हामी सामु देखिन्छ । गाउँपालिकाको दीर्घकालिन सोच र लक्ष्यको कार्यान्वयनबाट हामीले राखेका लक्ष्यहरु पूरा हुनेछन् भन्ने विश्वास लिएको छु । विशेष गरि गाउँपालिकाको भौगोलिक रुपमा विकट क्षेत्र र पिछडिएको समुदायमा विद्यमान गरिवी न्यूनिकरण गर्ने,बेरोजगारी घटाउने,स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरीय शिक्षामा सबैको पँहुच सुनिश्चित गर्ने जस्ता पक्षमा हाम्रा स्रोत साधनलाई परिचालन गर्न आवश्यक देखिन्छ । विकासको मुख्य सम्भावनाको रुपमा रहेको प्राकृतिक स्रोत साधन,सांस्कृतिक विविधता, पर्यटकीय सम्भाव्यता,कृषि तथा पशुपालन व्यवसाय लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको उपयोग नै तादी गाउँपालिकाको विकासको ढोका खोल्ने माध्यम रहेको अनुभुत गरेको छु ।हामी निर्वाचित भएर चौथो बर्ष पुरा भए संगै जनताले अपेक्षा गरेका तादीको समृद्धिका सपनाहरु पूरा गर्न सबै राजनीतिक दल, बुद्धिजिवी, नागरिक समाज र अग्रजहरुसंग आवश्यक सहकार्य समन्वय गरि अघि बढ्ने प्रतिवद्धता जाहेर गुर्नको साथै समृद्ध तादी निर्माणका लागि साथ र सहयोगको लागि म सवैमा आह्रान समेत गर्न चाहन्छु ।

**सम्मानित सभाका सदस्यज्यूहरु :**

अब म आ.व. २०८३।०८४ को लागि गाउँपालिकाले अबलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। संघीय तथा प्रदेश सरकारबाट आ.व. २०८३।०८४ का लागि प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नुको अतिरिक्त यस गाउँपालिकाले देहाय बमोजिमका नीतिहरु तयार गरेको छ :

**शिक्षा तर्फ**

१) **शिक्षक व्यवस्थापन-**सामुदायिक विद्यालयको आधारभूत तहमा शिक्षक-विद्यार्थी अनुपात तथा माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्थापन गर्न गाउँ शिक्षक अनुदान (माध्यमिक,आधारभूत तथा बालविकास सहजकर्ता शिक्षण सहयोग) को पुनरावलोकन गरी आवश्यकता अनुसार उपलब्ध गराइने नीतिलाई निरन्तरता दिईनेछ ।

२) **शिक्षक,विद्यार्थी सम्मान-**सिकाई उपलब्धि उच्च रहेका विद्यालयहरू, विषयगत शिक्षकहरू तथा विद्यार्थीहरुलाई अभिप्रेरित गर्न शिक्षक,विद्यार्थी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३) **गुणस्तर अभिवृद्दि र सुपरिवेक्षण-**सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थीको सिकाईलाई सुनिश्चितता गर्न  नियमित अनुगमन तथा सुपरीवेक्षण कार्य योजनाबद्द ढंगबाट सम्पादन गरिनेछ ।

४) **सूचना तथा प्रविधि-**विद्यालयहरूलाइ सूचना तथा प्रविधिमैत्री बनाउन प्रोत्साहन एवम् सहयोग गरिनेछ । बाल विकास केन्द्रबाट प्रदान गरिने सिकाइ क्रियाकलापलाइ थप प्रभावकारी,गुणस्तरीय र प्रविधिमैत्री बनाइने छ । ICT कार्यक्रमलाई विस्तार गर्दै  हालसम्म ICT कार्यक्रम नपरेका माध्यमिक तथा आधारभूत तहका विद्यालयहरूमा क्रमशः कार्यक्रम उपलब्ध गराइनेछ ।सबै माध्यामिक विद्यालयहरुमा SMS प्रणाली लागु गरिनेछ र विद्युतिय हाजिरी प्रणालीमा आवद्ध गरिदै लगिनेछ । शिक्षकहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सीप वृद्दी हुने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।

५) **सेनेटरी प्याड वितरण तथा व्यवस्थापन-** विद्यालयमा छात्राहरूको नियमित उपस्थिति सुनिश्चितता गर्दै शिक्षण सिकाइमा सुधार गर्न छात्राहरुलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी सेनेटरी प्याड वितरण तथा सरसफाइ व्यवस्थापन गर्न विद्यालयहरूलाई क्रमसः इन्सिनिनेटर मेसिनको उपलब्धता गराइनेछ ।

६) **भौतिक पूर्वाधार निर्माण एवम् विकास-**विद्यालयमा कक्षाकोठा निर्माण तथा मर्मतको कार्यक्रमलाई आवश्यकताको आधारमा निरन्तरता दिइनेछ । खानेपानी,शौचालय तथा कम्पाउन्ड वालको अवस्था कमजोर भएको भौतिक अवस्थाको सर्वेक्षण गरी विद्यालयहरूलाई आवश्यकताको आधारमा संघ र प्रदेश सरकारबाट प्राप्त हुने कार्यक्रम संग समन्वय हुने गरी थप कार्यक्रम सञ्चालन गरिनेछ ।

७) सबै सामुदायिक विद्यालयहरूमा उपलब्ध कम्प्युटर, प्रिन्टर लगायत इलेक्ट्रोनिक सामानहरु मर्मत र संभार गरी प्रयोग योग्य बनाइनेछ । सामुदायिक विद्यालयहरूको तथ्याङ्क संकलन तथा सफ्टवेयर निर्माण कार्यलाई अगाडी बढाइ उपयोगमा ल्याइनेछ ।

८) संघ र प्रदेश संग समन्वय गरी सामुदायिक विद्यालयहरुमा विद्युत आपूर्ति सहजता ल्याउन चरणबद्ध रुपमा विद्यालयलाई आवश्यक पर्ने विद्युत शक्ति बैकल्पिक उर्जा Solar Plant जडान गरी संञ्चालन ल्याईनेछ ।

९) आधारभूत तह(कक्षा १-८) को प्रयोगमा रहेको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारीरुपमा कार्यान्वयन निरन्तरता दिईनेछ।

१०) नमुना विद्यालय सञ्चालन र माध्यमिक तहमा प्राविधिक शिक्षा सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहित गर्ने नीति लाई निरन्तरता दिईने छ ।

११) विद्यार्थी तथा शिक्षकको अन्तर्निहित क्षमता तथा प्रतिभाको प्रस्फुटन गर्न विविध पालिका स्तरीय अतिरिक्त क्रियाकलाप तथा खेल सम्बन्धी प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन निरन्तरता दिईने छ ।

१२) छात्रवृत्ति कार्यक्रम मार्फत अपाङ्ग, दलित, लक्षित वर्ग र छात्राहरुको पहुँच विद्यालयमा बढाउन यस अघि सञ्चालन भएका छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक तथा संस्थागत विद्यालयबाट उपलब्ध हुने छात्रवृत्ति कार्यक्रमलाई थप व्यवस्थित गर्दै पारदर्शी बनाइनेछ ।

१३)सामुदायिक विद्यालयस्तरको दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

१४)धार्मिक विद्यालयको संरक्षण, उत्थान तथा व्यवस्थित गर्न धार्मिक विद्यालय प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५)विद्यालय स्तरमा शैक्षिक गुणस्तर निर्माण तथा प्रशासनिक व्यवस्थापन गर्न पाठ्क्रम प्रवोधिकरण,इमिक्स तालिम, विद्यालय लेखा क्षमता विकास कार्यक्रम,अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

१६)आवश्यकताको आधारमा गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालय समायोजन गर्ने तथा शिक्षक दरवन्दी पुनरावलोकन तथा मिलान गर्ने नीति अख्तियार गरिनेछ ।

१७)शैक्षिक कार्यक्रमहरू योजनाबद्द प्रभावकारी, पारदर्शी बनाई उपलब्धीमूलक र प्रभावकारी बनाउन कार्ययोजना बनाई विद्यालय एवम् अन्य शैक्षिक संस्थाहरुमा कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन गरिनेछ

१८)संघीय एवम् प्रदेश सरकारले अख्तियारी गरेको कार्यक्रम पढ्दै कमाउँदै लाई निरन्तरता दिईने छ ।

१९)अनौपचारिक तथा परम्परागत शिक्षाको लागि अध्ययन गरी संञ्चालनमा ल्याईने छ ।

२०) तादी गाउँपालिकामा गाउँ शिक्षा योजना पूर्ण रुपमा लागु गरिने छ ।

## युवा तथा खेलकुद तर्फ

१)खेलकुद क्षेत्रको विकासलाई गाउँको चिनारीको रुपमा लिइने नीति अनुरुप खेल क्षेत्रको कार्यक्रमलाई थप प्रभावकारी, सुदृढ र सहभागीमैत्री बनाई खेल क्षेत्रको उत्थान गर्न आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्थालाई निरन्तरता दिईने छ ।

२)खेलकुद क्षेत्रको पूर्वाधार विकासको लागि गाउँस्तरीय खेलकुद मैदान निर्माण तथा पर्यटकिय बाघमारामा एक खेलकुद मैदान निर्माण गरिने छ र यस कार्यलाइ संघ तथा प्रदेश सरकारसंगको समन्वयमा पूर्णता दिइनेछ ।

**जनस्वास्थ्य**

- प्राथमिक र मेडिकल अधिकृत सहितको स्वास्थ्य सेवा प्रवाहमा तादी गाउँपालिकाको मात्र नभई छिमेकि अन्य स्थानीय तहको समेत प्रमुख तथा प्रथम केन्द्र विन्दुको रुपमा रहेको तादी आधारभुत अस्पतालवाट गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्न अस्पतालको गुणस्तर सुधार तथा स्तरउन्नती गरिने कार्यलाई निरन्तरता दिईनेछ । जस अन्तर्गत आवश्यक दक्ष जनशक्ति व्यवस्थापन, औषधी, औजार उपकरणको व्यवस्थापन, २४ सै घण्टा आकस्मिक सेवा व्यवस्थापन, फार्मेसि, विमा तथा भौतिक पुर्वाधारको विकास गर्नुको साथै डेन्टल सेवा र पोस्टमार्टम सेवालाई यसै बर्ष देखि विस्तार गरिनेछ ।
- तादी गाउँपालिकामा पोषण मैत्री स्थानीय शासन प्रर्बद्धन तथा पोषण मैत्री स्थानीय तह घोषणा गर्न बहुक्षेत्रीय पोषण संग सम्बन्धित सबै सरोकारवाला निकायहरु बीच समन्वय गरि एकिकृत कार्यक्रमहरु संचालन गरिने कार्यलाई निरन्तरता दिईने छ ।
- संस्थागत सुत्केरीको दर बढाउने र गर्भवती महिला को पोषण अबस्था सुधार तथा गर्भमा रहेको बच्चाको उचित बृद्धि बिकासमा मद्दत पुर्याउने उद्देश्यको साथ संचालनमा रहेको गर्भवती पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाई निरन्तरता दिइनेछ र पुर्ण संस्थागत सुत्केरी युक्त गाउँपालिका बनाउने अभियानलाई अवलम्वन गर्दै आवश्यक क्रियाकलापहरु संचालन निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको भौगोलिक बिकटता तथा सेवाग्राहिको आर्थिक अबस्था लाई ध्यानमा राखि प्रसुती सम्बन्धी जटिलताको कारण प्रेषण गर्नु पर्ने सुत्केरी महिला र ७५ वर्ष माथिका जेष्ठ नागरिकका लागि निशुल्क एम्बुलेन्स सेवा कार्यक्रमलाई थप व्यवस्थीत वनाई निरन्तरता दिईनेछ ।
- मातृ तथा नव शिशु स्वास्थ्यमा सुधार गर्न सुरुवात गरीएको ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम लाई सवै वडाहरुमा नियमित रुपमा संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुको कामको उच्च मुल्यांकन र कदर गर्दै महिला स्वास्थ्य स्वयं सेविकालाई वार्षिक रुपमा एकमुष्ट प्रदान गरिने यातायात खर्च सम्वन्धी प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- सुत्केरी पश्चात् आमा र बच्चामा देखिन सक्ने समस्या र खतराका लक्षणहरु लाई न्युनिकरण गर्न **Post Natal Care (PNC)** लाई मापदण्ड अनुसार ४ पटक नै पुर्ण रुपमा सुत्केरी जाँच गर्न सुत्केरी भएको २४ घण्टा, तेस्रो दिन, सातौ दिनमा र बयालिसौ दिनमा सम्बन्धित वडाको स्वास्थ्यकर्मी मार्फत

सुत्केरी महिलाको घरमै गएर आमा र वच्चाको स्वास्थ्य परिक्षण गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

- गाउँपालिका भित्र वर्थिङ सेन्टर भएको सवै स्वास्थ्य संस्थाहरुमा क्रमश प्रयोगशाला सेवा विस्तार गर्दै लगिनेछ र तादी आधारभुत अस्पतालको डाक्टर द्धारा सवै वडामा आउट रिच सेवा दिने व्यवस्था मिलाउनुको साथै विशेषज्ञ शिविर संचालन गरिनेछ ।
- नियमित औषधी सेवन गर्ने दिर्घ रोगी तथा जेष्ठ नागरीकहरुको स्वास्थ्य लाई नियमित परिक्षण, आवश्यक मनोपरामर्श तथा औषधी उपचार गर्न जेष्ठ नागरीक स्वास्थ्य प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी र नागरिकको पहुँच वढाउन नागरिकको घरदैलोमा नै स्वास्थ्य विमा दर्ता सहगोगी परिचालन गरी तथा स्वास्थ्य विमा दर्ता शिविर राखी स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पुर्ण खोप युक्त गाउँपालिका सुनिश्चितता गर्न घरधुरी सर्वेक्षण र प्रमाणिकरणको लागि आवश्यक क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ र उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार आदि को आधारमा स्वास्थ्य संस्थाहरुमा क्रमशः किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा विस्तार गरिने छ ।
- विश्वव्यापी समस्याको रुपमा रहेको नसर्ने रोगहरु क्यान्सर, मृगौला रोग, मुटु रोग, उच्च रक्तचाप, मधुमेह, लगायतका रोगहरुको रोकथाम तथा उपचारलाई प्राथमिकतामा राखि यसका लागि सचेतनामुलक कार्यक्रम संचालन, सम्भावित जोखिम वा लक्षण देखिएका व्यक्तिहरुको परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- विभिन्न सरुवा रोगहरुको महामारी तथा स्वास्थ्य आपत्कालिन अवस्थामा स्वास्थ्य र पोषणमा पर्न सक्ने संभावित जोखिम न्युनिकरण, प्रतिकार्य र पुर्नलाभ गर्न पुर्व योजना वनाई द्रुत प्रतिकार्य टोली लगायत सम्पुर्ण संयन्त्रलाई तयारी अवस्थामा राखिनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रर्वद्धन गर्दै सामुदायीक विद्यालयका विद्यार्थीहरुको प्रारम्भिक स्वास्थ्य परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- आर्युवेदिक स्वास्थ्य उपचार पद्धतिलाई प्रोत्साहित गर्दै नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ। आर्युवेदिक शिविर तथा घुम्ती सेवाको विस्तार गर्नुको साथै स्थानिय स्तरमा पाईने जडिबुटिको महत्व वारे सचेतना र अन्तरक्रिया गरी जडिवुटि उत्पादन, उत्खनन्, संकलन र प्रशोधनको संभाव्यता अध्ययन लगायतको क्रियाकलाप संचालन गरिनेछ ।

- गाउँपालिका भित्रका निजि तथा साझेदारीमा स्थापित सम्पूर्ण अस्पताल, क्लिनीक, औषधी पसल तथा स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नियमित अनुगमन र नियमन गरिनेछ र आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरुको विक्रि वितरणको निरिक्षण गरिनेछ ।
- नेपाल रेडक्रस सोसाईटीसँग समन्वय गरी मुलुकको जुनसुकै स्थानबाट निशुल्क रगत प्राप्त गर्ने प्रणाली लाई निरन्तरता दिईनेछ ।

**<u>स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल</u>**

- तादी गाउँपालिकाको मुख्य सडकहरु बाहुनवेशि नर्जा मौरिथुम, खरानीटार डाँडागाँउ टुटूङ काल्चे गैरिखर्क सडक, सातविसे वाघमारा मालाभज्याङ सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईने छ र सातविसे रालुका चिलाउनेगाँउ वाघमारा, दोर्खु पुल धनसार मानेडाँडा, आँपखोल्सा सठिया उर्लेनी र डोटेलवेशि पौवाथोक ठाँटी आलडाँडा गैरिगाँउ,ज्वालामुखी देखी डाडाको पाटा सडकको स्तरउन्नतीको कार्यलाई तिब्रताका साथ अगाडी बढाईने कार्यलाई निरन्तरता दिईने छ ।
- ग्रामिण सडकहरुको स्तर निर्धारण तथा भु-बर्गिकरण मापदण्ड तयार गरी सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ।
- आवास तथा भवन सम्बन्धि भौतिक पूर्वाधारहरु निर्माण गर्दा भवन विभागले तोकिएको मापदण्ड बमोजिम कार्यान्वयन गरिनेछ ।
- पूर्वाधार विकासका योजनाहरुमा न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य जुटाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विकास निर्माणका कार्यहरुलाई गुणस्तरीय र प्रभावकारी बनाउन प्राविधिक मिनि ल्यावका आवश्यक सामाग्रीहरु खरिद गरी कार्यान्वयन गरिने छ ।
- विगतका आ.व. मा सम्पन्न हुन नसकेका आयोजनाहरुलाई आगामी आर्थिक बर्षहरुमा सम्पन्न गर्ने नीति लिईनेछ।
- भौतिक पूर्वाधार निर्माण सम्पन्न पश्चात वडा बाट साईट किल्यरिङ सिफारिस पछि मात्र भुक्तानी गरिने कार्यलाई अबलम्बन गरिनेछ ।
- निर्मित झोलुङ्गे पुलहरुको संरक्षण र नव निर्माणको लागि संघ र प्रदेश संग समन्वय तथा साझेदारी गरिने छ ।

**<u>सिंचाई</u>**

- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत संभार गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता साथ निरन्तरता दिईनेछ ।

- गाउँपालिकाका कृषि योग्य भूमीमा सिंचाइको लागि श्रोतको खोजी गदै नहर, कूलोवाट सिञ्चाई हुन नसक्ने स्थानमा पलाष्टिक पोखरी, ड्याम जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रुपमा सिञ्चाई सुविधा पुर्याउने कामलाई निरन्तरता दिईने छ।
- सम्भावित नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्दै जान संघ/प्रदेश सरकार संग समन्वय गरी अघि बढ्ने नीतिलाई गरिने छ।
- निमार्णधिन सिंचाई आयोजनाहरुलाई संघ तथा प्रदेश सरकारसंग समन्वय गरी सम्पन्न गर्न पहल गरिनेछ।

## भवन तथा शहरी विकास

- तादी गाउँपालिकाको सदरमुकाम खरानीटार लाई शहरी विकास गुरुयोजना तयार गरी यसै बर्ष देखी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण सम्बन्धी नक्सापास मापदण्ड लाई पूर्ण रुपमा पालना गरिने व्यवस्था मिलाइने छ ।
- भवन निर्माण सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइने कार्यलाई निरन्तरता दिईने छ ।
- ओ एण्ड एम गरी एक जना आर्किटेक ईन्जिनियरको दरवन्दी थप गरी पदपूर्ति गरिने छ ।
- गाउँपालिका भित्र सम्पन्न हुन वाँकी वडा कार्यालयहरुको निर्माण सम्पन्न यसै बर्ष गरिने छ ।

## कृषि तथा पशुपंक्षी विकास

- कृषि बालीमा रसायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै नमूना जैविक मल उत्पादन क्षेत्र निर्धारण गरि कार्यक्रम संचालन निरन्तरता दिईनेछ।
- माटो सुहाउँदो बाली विकासका लागि माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- लामो समय देखि बाझो रहेका जग्गाहरुमा सामुहिक खेती प्रणाली मार्फत वडा नं २ र ४ को वाघमारा क्षेत्र र वडा नं १ को काल्चेमा फापर ,आलु लगायत अन्य खेति कार्यक्रमलाई निरन्तरता दिइने छ साथै बाँझो जग्गा उपयोग गर्ने कार्यलाई प्रोत्साहन गरिने छ र लामो समय बाँझो जग्गा छोड्ने लाई कर दरमा दोब्वर गरिनेछ ।
- पशुहरुमा लाग्ने आन्तरिक, बाह्य परिजिवी नियन्त्रणको लागि निशुल्क वितरण गरिने पशु औषधी वितरण कार्यलाई थप उपचारात्मक सेवा सहित निरन्तरता दिइनेछ ।
- पशुपन्छीको मृत्युबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्न पशु बिमा अभिमुखीकरण कार्यक्रम ६ वटै वडामा सञ्चालन गरिनेछ ।
- कृषि यान्त्रिकरणलाई जोड दिईने छ साथै देउराली चिस्यान केन्द्र तादी -४को लागि आवश्यक सामाग्री खरिद गरी सञ्चालनमा ल्याईने छ ।

- वेमौसमी तरकारी खेति,नगदे बालि, लोक्ता रोपण,जडिबुटी खेति तथा प्रशोधन गर्नेको लागि प्रोत्साहन गर्ने नीति लिईनेछ ।

## उद्योग तथा वाणिज्य

- स्थानिय तहमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरेर बस्तु उत्पादन गर्ने लघु तथा घरेलु उद्योग स्थापना गर्न सहजीकरण र प्रोत्साहन गर्ने निति लाई निरन्तरता दिईने छ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- घरेलु उद्योग तथा परम्परागत रुपमा उत्पादित सिप तथा वस्तु (डोको, नाङ्लो, आरन व्यवसायी लगायत अन्य) का लागि प्रोत्साहन तथा सहयोग गर्ने नीति लाई निरन्तरता दिईने छ ।

## संस्कृति तथा पर्यटन प्रवर्द्धन

- विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिईने छ ।
- पर्यटन प्रवर्द्धन गर्न थप अन्य स्थानीयतह र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग भगिनी सम्बन्ध विस्तार गर्ने नीति अबलम्वन गरिनेछ।
- गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर,चर्च, गुम्बा, पाटी, पौवा, सत्तल,फल्चा, कुवा, पधेरो, ढुङ्गेधारा, मरनघाट लगायत अन्य सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षणको निरन्तरता दिईने छ ।
- निजी क्षेत्र र समुदायसँग साझेदारी गरि पर्यटन विकास कार्यहरु संचालन गरिनेछ । तादी गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटक भित्राई पर्यटन प्रवर्द्धन गर्न काठमाडौंबाट तिर्थ स्थल गोसाईकुण्ड सम्म छिटो आवतजावत गर्न सकिने छोटो रुटको विस्तार गर्न ,साना तिना हिमाल आरोहण, ट्रेकिङ तथा हिउँमा खेलिने स्की खेल प्रर्बद्धन गर्न Destination राउचुलीको अवधारणा बनाई तादीको सबै वडाबाट पुग्न सकिने गरी राउचुली जाने मोटर बाटो ट्र्याक गैरिखर्क सम्म निर्माण गरिसकेको हुदाँ यसलाई स्तरोन्नती गर्न संघ, प्रदेश सगं समन्वय गरी अगाडी बढ्ने कार्यलाई निरन्तरता दिदै यस बर्ष राउचुलिमा निर्माण भएको यात्रु विश्रामघर वरपर थप आवश्यक पूर्वाधारहरुको क्रमश विस्तार गरिदै लगिनेछ । गैरिखर्क देखि कुदाप सम्मको खुडकिलो निर्माण यस वर्ष सम्पन्न गरिनेछ।
- पर्यटन विकासको लागि पर्यटकिय हब केन्द्रको रुपमा बाघमारालाई विकास गर्दै गाउँपालिका भरी आवश्यकता अनुसार होमस्टे निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

- तादी -१ घलेगाउँमा निर्मित ३२कोठे भवन लाई सुधार तथा संरक्षण गरी प्रयोगमा ल्याईने छ ।

**भुमि व्यवस्था, सहकारी, बैंक तथा वित्तीय सेवा**

- खेती योग्य बाँझो जग्गा उपयोग हुने गरि सहकारी तथा समुह मार्फत सामुहिक तथा व्यवसायिक खेती प्रबर्द्धन गराउने कार्यको निरन्तरता दिईनेछ ।
- सहकारी संस्थाहरुको विकास र प्रवर्द्धनका लागि सहकारी संस्थाहरुको क्षमता विकास र ब्यवसायीकरण कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका सार्वजनिक जग्गा पहिचान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्र रहेका सहकारीहरुवीच एक आपसमा गाभ्न प्रोत्साहन गर्ने नीति लाई निरन्तरता दिईने छ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित बित्तीय संस्थाहरुलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गर्नुका साथै बैंकिङ क्षेत्रको लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पहल गरिने छ ।
- भुमि तथा समस्या समाधान आयोगको समन्वयमा गाउँपालिका क्षेत्रभित्र रहेका भूमिहीन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थित बसोबासको लागि जग्गा धनीपूर्जा सहित आवश्यक बसोवासको व्यवस्था मिलाइने कार्यलाई समन्वय गरिने छ ।

**श्रम तथा रोजगारी**

- वैदेशिक रोजगारीलाइ विप्रेशणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोगार तथा रोजगारमुलक कार्यक्रमहरु संञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरु र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई सुरक्षित,व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा,मनोसामाजिक परामर्श सेवा,वित्तिय साक्षरता कक्षा तथा सिप विकास तालिम संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिने छ ।

- **मिसन रोजगारी** : रोजगारीको खोजीमा रहेका र रोजगारदाता दुवै पक्षलाई श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालन गरिएको श्रम संसार पोर्टल (shramsansar.gov.np) को पहुँचमा जोड दिन प्रचारप्रसार गरिनेछ । बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गरी दक्षता सहितको वर्गीकृत तथ्यांक सङ्कलन गरिनेछ ।

- उद्यमशीलता, सशक्तिकरण, विश्व बजारमा पहुँचयोग्य दीगो रोजगारी, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम प्रवर्धन गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- संघीय सरकारबाट सूचीकृत बेरोजगारलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामाग्री खरिद वा आयोजना बजेट तय गर्दा लागत साझेदारी गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसँग आवश्यक सहकार्य गरी थप रोजगारी सृजनामा निरन्तरता दिइनेछ ।
- कन्सुलर सेवा विभाग तथा वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु, कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधी उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा कानुनी प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान गर्ने, बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायता आदि सेवाहरुलाई निरन्तरता दिइनेछ ।

**<u>बाह्य क्षेत्र</u>**

- अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँ क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा त्यस्ता संस्थालाई स्वागत गर्दै लागत साझेदारी गर्दै लगानीमैत्री वातावरण सृजना गर्ने कामको निरन्तरता दिईनेछ ।

**<u>खानेपानी तथा सरसफाई</u>**

- गाउँपालिकाका सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरुप स्वच्छ र सफा पिउने पानी उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गामा रहेका पानी मूलको विषयमा कुनै विवाद सिर्जना गर्न नपाईने निति लाई निरन्तरता दिइने छ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रर्बद्धन गर्दै परिक्षण गरि ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
- खानेपानी तथा सरसफाई ऐन निर्माण गरी स्वच्छ र सफा खानेपानीको सहज रुपमा वितरणको लागि अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंगको सहकार्यमा खानेपानी साझेदारी कार्यक्रम संचालनमा जोड दिने निति अवलम्बन गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- जातीय विभेद तथा छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र आर्थिक कुरीति र अभ्यास हटाउने अभियान वडा कार्यालयहरु मार्फत शुरुवात गरिने कार्यलाई निरन्तरता दिदै बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत प्रथा, घरेलु हिंसा उन्मुलनका लागि अभियान तथा चेतनामूलक कार्यक्रमहरु संचालन लाई निरन्तरता दिईने छ ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरुको अन्त्यको लागि बिभिन्न सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाको सबै वडामा जेष्ठ नागरीक परिचयपत्र वितरण कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईनेछ ।
- लैंगिकमैत्री, अपांगमैत्री, बालमैत्री स्थानीय तह प्रोत्साहन हुने खालका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- अपाङ्ग परिचयपत्र नविकरण तथा वितरणको साथै प्रत्येक वडामा शिविर संचालन गरि अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन निरन्तरता दिईनेछ ।
- भौतिक संरचनाहरु लाई बालमैत्रि र अपाङ्ग मैत्रि बनाउदै लगिनेछ । .
- महिलाको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम, उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला उद्यमी, महिला सहकारी तथा महिला समूहको क्षमता विकास गरी आयआर्जनमूलक कार्यक्रमसँग आबद्ध गरिनेछ।
- एकल महिला, विपन्न तथा हिंसा प्रभावित महिलाको जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरूलाई कानुनी सहायता, मनोसामाजिक परामर्श तथा उद्धार सेवामा आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- लैङ्गिक उत्तरदायी योजना तथा बजेट प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनलाई प्राथमिकताका साथ अघि बढाइनेछ।
- बाल क्लब गठन तथा सुदृढीकरण, बाल सहभागिता र नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय तथा समुदायमा बाल संरक्षण, बालअधिकार, बालश्रम, बालविवाह र बाल हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जोखिममा रहेका बालबालिकाको संरक्षण, पुनःस्थापना तथा आवश्यक सहयोगका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- ज्येष्ठ नागरिकमैत्री सेवा प्रवाह तथा सार्वजनिक स्थानमा पहुँच अभिवृद्धि गरिनेछ।
- सार्वजनिक सेवा तथा पूर्वाधारलाई अपाङ्गतामैत्री बनाउँदै पहुँचयुक्त वातावरण निर्माण गरिनेछ।

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ।
- अन्तर्राष्ट्रिय महिला दिवस, राष्ट्रिय बाल दिवस, ज्येष्ठ नागरिक दिवस, अपाङ्गता दिवस तथा लैङ्गिक समानतासम्बन्धी विभिन्न दिवसहरू प्रभावकारी रूपमा मनाइनेछ।
- समुदायमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण, बाल संरक्षण तथा महिला अधिकारसम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

**<u>न्यायिक कार्य सम्बन्धी</u>**

- विवादको निरुपण गर्दा सम्भव भए सम्म मेलमिलापलाई प्राथमिकता दिइ दुवै पक्षको सहमतिमा मिलापत्र गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- न्यायिक समिति मेलमिलाप केन्द्र संन्चालन र व्यवस्थापन गरि छिटो, छरितो, र चुस्त बनाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी ,कर्मचारी र मेलमिलापकर्ताहरुलाई सम्वन्धित विषयमा विज्ञ ल्याई तालिमको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गरिबी, असहाय तथा पिछडिएका व्यक्तिहरुको लागि निशुल्क कानुनी परामर्श तथा सहयोगको निरन्तरता दिइनेछ ।
- न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट भएका निर्णयको लगत व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- पालिकाभित्र घट्ने न्यायिक समितिसँग सम्बन्धित घटनाहरुको पहिचान गरी कानुनी विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- तादी गाउँपालिका भित्र एक टोल एक मेलमिलापकर्ता व्यवस्थापन गरि विवाद रहित गाउँपालिकाको सृजना गरिनेछ ।
- उत्कृष्ट मेलमिलापकर्ता प्रोत्साहन तथा सम्मान कार्यक्रम सहित पालिका र वडास्तरमा न्याय सम्वन्धि जनचेतनामुलक कार्यक्रमहरु संन्चालन गरिनेछ ।
- मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक समितिको मुद्धा तथा विवादको सुनुवाइको क्रममा आवश्यकता अनुसार सम्वन्धित विज्ञ र सरोकारवालाको साहायता लिइनेछ ।
- पालिका भित्र घट्ने न्यायिक समिति सँग सम्वन्धित घटनाहरुको पहिचान गरि न्यायिक समितिका बारेमा सचेतना  मुलक कार्यक्रमहरु संन्चालन गरिनेछ ।
- पालिका कार्यक्षेत्र बनाई कार्यरत विभिन्न संघ,सस्था,समुह लगायतको सहकार्यमा विभिन्न कार्यक्रमहरु मार्फत सचेतना कार्यक्रम तय गरिनेछ ।

**वन तथा भू-संरक्षण**

- सामुदायिक वन उपभोक्ता समितिसंग सहकार्य गरि वन विनास कार्य रोकथाम गरिनेछ ।साथै वृक्षारोपण,वन डढेलो नियन्त्रण ,चरिचरन नियन्त्रण सम्बन्धी जनचेतानमुलक कार्यक्रम संचालन गरिनेछ।
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ।
- सडक सौन्दर्यकरण र जोखिम क्षेत्रमा बाँस, निगालो,अंम्रिसो खेती र क्यातुके तथा बायोइञ्जिनियरिङ तथा किफायती एवम् प्रभावकारी उपायमा जोड दिने कार्यलाई अवलम्बन गरिने छ।
- सामुदायिक तथा सरकारी वनहरुलाई बैज्ञानिक व्यवस्थापन गरिनेछ ।

**वातावरण संरक्षण र जलवायु परिवर्तन**

- जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्तिलाई नियन्त्रण गर्न नीतिगत तथा व्यवहारिक उपायहरु अवलम्बन गरिनेछ ।
- टोल र वडा स्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका काम नियमित रुपमा सञ्चालन गरिनेछ ।

**फोहरमैला तथा ढल व्यवस्थापन**

- बजार क्षेत्रहरुको फोहरमैला व्यवस्थापनका लागि स्थानीय टोल विकास संस्था तथा अन्य क्षेत्र संग समन्वय गरी प्लास्टीकजन्य र अन्य नकुहिने फोहोरको व्यस्थापन गर्न स्थान पहिचान गरी कार्यान्वयन अगाडी बढाइने छ । फोहोर संकलन हुने आवास तथा अन्य क्षेत्रबाट आवश्यक शुल्क लिई नकुहिने फोहर मात्र संकलन कार्य शुरु गरी प्रशोधन गर्न साना खालका मेशिन खरिद गरी टोल विकास संस्थाहरुलाई अनुदान प्रदान गरिनेछ ।
- विभिन्न टोलहरुमा टोलविकास संस्थाहरुको गठन गरि उनिहरुको सक्रियता र संघ संस्थाहरुको समन्वय र सहकार्यमा फोहरमैला सम्बन्धि विभिन्न अभियानहरु संचालन गरी जनचेतना मुलक कार्यक्रम संचालन हुने व्यवस्था मिलाईनेछ ।
- वडा कार्यालय,सार्वजनिक स्थल, स्कूल र स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरिद गरी वितरण गर्ने नीति लिईने छ ।
- सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरी स्वच्छ तादी सफा गाँउ बनाउने नीति लाई निरन्तरता दिईने छ ।

## विपद् व्यवस्थापन

- स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको क्षमता अभिबृद्धि सम्बन्धी कार्य्रक्रम संचालन गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, विपद प्रतिकार्य योजना निर्माण गरि पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- बिपद ब्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई स्थानीय आपतकालिन केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।
- विपदबाट हुनसक्ने क्षतिको तत्काल उदार, राहात र पुनर्स्थापनाको लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको परिचालन गरिनेछ ।
- विपदबाट हुनसक्ने क्षतिको तत्काल उदार, राहात र पुनर्स्थापनाको लागि आवश्यक जनशक्तिको लागि स्वयंसेवक सृजना गरि श्रोत साधनको व्यवस्थापन गरिनेछ ।
- विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक स्रोत साधन सहित स्थानिय आपतकालिन कार्य संञ्चालन केन्द्र (LEOC) स्थापन गरि संञ्चालन गरिनेछ ।
- अव्यवस्थित विद्युत वितरण प्रणालिलाई सुधार गरि जोखिम न्युनिकरण गर्न विद्युत प्राधिकरण संग समन्वय गरिनेछ ।

## प्राकृतिक श्रोतहरुको संरक्षण र व्यवस्थापन

- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

## संगठन तथा क्षमता विकास र सार्वजनिक प्रशासन

- गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, छरितो तथा प्रविधि मैत्री बनाईने कार्यलाई थप प्रभावकारी बनाईनेछ।
- गाउँपालिकाका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरी पूर्ण जिम्मेवार बहन गर्ने कर्मचारीको उचित मूल्याङ्कन गरी प्रोत्सहान र नगर्ने कर्मचारीलाई कारवाही गर्ने परिपाटीको विकास गर्दै लगिनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गरिनेछ ।
- अध्यक्ष र प्र.प्र.अ. तथा अन्य शाखा विच कार्य सम्पादन संझौता तयार गरी कार्यान्वयनमा ल्याउने कार्यलाई निरन्तरता दिईनेछ ।

- भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँचको अवधारणामा प्रशासन सञ्चालन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

## श्रोत परिचालन तथा व्यवस्थापन

- आफ्नो निजी स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) को अभिलेख तयार गर्ने तथा उक्त स्थानहरुमा निर्माण हुने संरचनाहरुको अनिवार्य घर भवन नक्सा पास गराएर मात्र भवन संरचनाहरु निर्माण प्रकृया अगाडि बढाउने र निर्माण सम्पन्न भएका घर भवन संरचनाहरुलाइ अभिलेखिकरणमा आवद्ध गराइ गाउँपालिकाको आयस्रोतको बृद्धि गराउने व्यवस्था लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेर गाउँपालिका भित्र दर्ता प्रकृयामा नआएका ब्यवसायिक फर्महरुलाइ दर्ताको प्रकृया बाट र दर्ता गरेर नविकरणको दायरामा नआएका ब्यवसायिक फर्महरुलाइ करको दायरामा ल्याउने नीति लाई निरन्तरता दिईनेछ ।
- तादी गाउँपालिका भित्रको प्राकृतिक स्रोत तथ नदिजन्य पदार्थहरु ढुङ्गा गिट्टी बालुवा आदीको प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन (IEE) को आधारमा सार्वजनिक बोलपत्रको माध्याम बाट संकलन र विक्रिवितरण गरिने ब्यवस्था निरन्तरता दिईनेछ ।
- गाउँपालिकामा आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाता तथा बढी कर संकलन गर्ने वडालाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि आर्थिक ऐनले तोकेको कराधारहरुलाइ कडाइका साथ लागु गर्न विषायगत शाखाहरु वडा कार्यालयहरुलाइ प्रभावकारी परिचालन गरिनेछ र नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरी कार्यान्वयनमा निरन्तरता दिईनेछ ।
- करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदाता सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिने कार्यलाई निरन्तरता दिईनेछ । ।
- आगामी आ व मा यस गाउँपालिका भित्र गरिने विकास निर्माण कार्य गर्दा स्थानीय दर रेट निर्धारण गरी कार्यान्वयनमा निरन्तरता दिईनेछ ।
- कर तथा गैर कर राजस्व सम्वन्धि ऐन नियम कानुन तथा कार्यविधिबारे जनप्रतिनिधि कर्मचारी तथा करदाताहरुमा क्षमता तथा जनचेतनामुलक कार्यक्रमहरु निरन्तरता दिईनेछ । ।
- कर, राजस्व छुट/जरिवाना माफी तथा कर लिने क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा गाउँ सभा बाट मात्र बाधा फुकाउने ब्यवस्था मिलाईनेछ ।

- आफ्नो निजी स्वामित्वमा रहेको अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) को अभिलेख तयार गर्ने तथा उक्त स्थानहरुमा निर्माण हुने संरचनाहरुको अनिवार्य घर भवन नक्सा पास गराएर मात्र भवन संरचनाहरु निर्माण प्रक्रया अगाडि बढाउने र निर्माण सम्पन भएका घर भवन संरचनाहरुलाइ अभिलेखिकरणमा आवद्ध गराइ गाउँपालिकाको आयस्रोतको बुद्धि गराउने व्यवस्था गरिनेछ ।
- कर तथा गैर कर राजस्व सम्वन्धि ऐन नियम कानुन तथा कार्यविधिबारे जनप्रतिनिधि कर्मचारी तथा करदाताहरुमा क्षमता तथा जनचेतनामुलक कार्यक्रमहरु लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको राजस्व वृद्धि गर्न गाउँपालिका भित्रका शाखाहरु, वडा कार्यालयहरु र आवश्यकतानुसार अन्तरनिकाय समन्वय लाइ प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।

**<u>शान्ति सुरक्षा</u>**

- गाउँपालिका क्षेत्रभित्रको सुरक्षा ब्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालय संग समन्वय गरी सुरक्षा गस्ति बढाइनेछ साथै गाउँपालिकाका प्रत्येक वडामा अस्थायी प्रहरी पोष्ट स्थापनाका लागि पहलको निरन्तरता दिईनेछ ।
- गाउँपालिकाभित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी इत्यादिको व्यवस्थापन सुरक्षा निकायसँगको समन्वय गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- शैक्षिक संघसंस्था तथा ऐतिहासिक, धार्मिक स्थलहरुको १०० मिटर आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरुको बिक्री वितरण र सेवनमा पूर्णतः रोक लगाइनेछ ।
- जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय खरानीटार संग समन्वय गरी समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई विस्तार गर्न सहकार्य गरिनेछ ।

**<u>सूचना, प्रविधि तथा संचार निति</u>**

- विद्युतिय सुशासनको(E-Governance) प्रत्याभुतिको लागि अनलाईनमा आधारित सेवाको विस्तार गर्न आवश्यक उपकरणहरु तथा सफ्टवयेरको व्यवस्थापन गरिने कार्यको निरन्तरता दिइनेछ ।
- विद्युतीय अभिलेख (Digital Archive) स्थापनाको लागि आवश्यक पूर्वाधारको व्यवस्थापन साथै कार्यालयमा "Paperless Office" अवधारणालाइ थप विस्तार गर्दै लगिनेछ ।
- वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र सार्वजनिक स्थानमा थप उच्च गतिको इन्टरनेट पहुँच सुनिश्चित गर्दै लगिनेछ. ।
- डिजिटल सीप अभिवृद्धि गर्न डिजिटल तथा साइबर सुरक्षा साक्षरता, कृत्रिम बुद्धिमत्ता (AI) प्रयोग सम्बन्धमा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## पञ्जिकरण तथा सामाजिक सुरक्षा

- सामाजिक सूरक्षा भत्ता बैंकिङ प्रणालि मार्फत भुक्तानि व्यवस्था गरिने कार्यलाई निरन्तरता दिनुका साथै EFT भुक्तानि प्रणालीलाई निरन्तरता दिइनेछ । आ.व. २०८२।८३ बाट नेपाल सरकारको निति अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लागि अनिवार्य रुपमा राष्ट्रिय परिचय पत्रमा आधारित भई बायोमेट्रिक भेरिफिकेशन गरी भत्ता वितरण गरिनेछ ।
- ब्यक्तिगत घटना दर्ता प्रणालीलाई कम्प्युटरकृत (MIS) प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धतीलाई निरन्तरता दिँदै वडा कार्यालयबाटै यस्तो सुविधा उपलब्ध गराउने तर्फ आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- पैतीस (३५) दिन भित्र जन्मदर्ता तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नागरिकहरुलाई विशेष प्रोत्साहन गरिनेछ ।

## स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

- स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ ।
- आफनो क्षेत्रभित्र रहेको जनसंख्या भाषा , संस्कृती , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पत्ती, रोजगार, संचार र सुकुम्बासी जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गरी अभिलेखिकरण गरिने कार्यको निरन्तरता दिइनेछ । ।

## सुशासन प्रवर्द्धन

- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइने कार्यको निरन्तरता दिइनेछ । ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

- गाउँपालिकाका काम कारवाहीलाई पारदर्शि बनाईने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको ब्यवस्था गरी नागरीकलाई सुशासनको अनुभुति दिलाउने गरी कार्य संचालन गराईने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाबाट प्रदान हुने सेवालाई पारदर्शी, जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ । यसका लागि जवाफदेहीता विभिन्न औजारहरु सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंङ्गिक उत्तरदायी बजेट तर्जुमा र विश्लेषण जस्ता विधि अपनाईनेछ।

**समन्वय र सहकार्य**

- स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा संघ, प्रदेश र स्थानीय तहबीच संघीयताको कार्यान्वयन तथा सवलीकरणको सवालमा साझा मञ्चमा छलफल गर्ने वातावरण श्रृजना गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुलाई दीगो विकासका लक्ष्यहरु(SDG Goal)सँग सामाञ्जस्यता मिलाई स्थानीयकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका विकास साझेदारहरुसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ भने गाउँपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम सञ्चालनको लागि रोक लगाइनेछ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा आफ्ना अमुल्य सुझावहरु प्रदान गरी सहयोग गर्नुहुने उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, स्थानीयवासी आमाबुवा, दिदी वहिनी तथा दाजुभाइहरु, विभिन्न राजनैतिक दलका मित्रहरु एवं नीति तथा कार्यक्रमको यो मस्यौदा तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने कर्मचारी मित्रहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु । धन्यवाद ।